आज मिति २०८१/१०/१३ गते यस निस्दी गाउँपालिकाको ७७ औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५.कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६.प्रमुख प्रशासकीय अधिकृत श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी १७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

१८. संजय खनाल

१९. कार्यालय सहयोगी श्री शोभा कुमारी फाल

**मिति २०८१। १०।१३ गते बसेको निस्दी गाउँपालिकाको ७७ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. घाट ब्यवस्थापन सम्वन्धमा ।

३. बेल घाट झो.पु सम्वन्धमा ।

४. साविक मित्याल गा वि स रहेको भवनको लालपुर्जा सम्वन्धमा ।

५. सामुदायिक सिकाई केन्द्रको ब्यवस्थापन सम्वन्धमा ।

६. सम्भावित विपद् व्यवस्थापन सम्वन्धमा ।

७. सार्वजनिक सुनुवाई तथा अर्ध बार्षिक समिक्षा सम्वन्धमा ।

८. आवधिक योजना र वास योजना सम्वन्धमा ।

९. विविध ।

**मिति २०८१।१०।१३ गते बसेको निस्दी गाउँपालिकाको ७७ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो । प्रमुख प्रशासकीय अधिकृत बाट गाउँ कार्यपालिकाको कार्यालय बाट सम्पादन भएका सेवा प्रवाह ,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिका अन्तरगतको घाटहरुबाट नदिजन्य पदार्थको अत्यावश्यक प्रयोजनको लागी को जिम्मा वडा कार्यालय लाई जिम्मा दिने निर्णय गरियो । साथै उक्त घाटमा रसिद काट्नको लागी खटिई जिम्मा लिने ब्यक्ति/संस्थालाई व्यवस्थापन खर्च बापत आम्दानीको १० प्रतिशत दिने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा संघिय शशर्त अनुदानको ढंगानावेशीको बेलघाट झो.पु लागत अनुमान रु ८६०७४९८.५३ भएकोमा उपभोक्ता तर्फको काम दुई बर्षमा सम्पन्न हुने गरी उपभोक्ता समिति संग सम्झौता गर्ने र गाउँपालिका तर्फको साझेदारी गर्नु पर्ने १३ प्रतिशत रकम पुँजिगत म्याचिङ्ग फण्ड शिर्षकबाट वाट खर्च गर्ने र आ व २०८२/०८३ मा संघिय शसर्तमा कार्यक्रम नपरेमा सम्पूर्ण खर्चको स्रोत सुनिश्चितता गाउँपालिकाले गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं ४ साविक मित्याल गा वि स रहेको भवनको लाल पुर्जा वडा कार्यालय तथा गाउँकार्यपालिकाको कार्यालयको अभिलेखमा नदेखिएकोले लाल पुर्जा प्राप्तिको लागी सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो । साथै यसकार्यको लागि निस्दी गाउँपालिकाको ४ नं वडा कार्यालय लाई जिम्मा दिने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा सामुदाईक सिकाई केन्द्र को वैठक मिति २०८१/११/०२ गते गाउँ कार्यपालिकाको कार्यालयमा राख्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा ढुंगानाबेसी बजारमा सम्भाबित वाढीको जोखिम न्यूनिकरण गर्न बिपद् व्यवस्थापन शिर्षकबाट गावु खोला वस्ती तथा कुलो संरक्षण को लागी रु १ लाखको आयोजना संचालन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा सार्वजनिक सुनुवाई र अर्ध बार्षिक समिक्षा वडा स्तरमा २०८१/११/१० भित्र र गाउँपालिका स्तरमा मिति २०८१/११/११ गते संचालन गर्ने निर्णय गरियो ।

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा आवधिक योजना र वास योजनाको वडास्तरमा छलफल तथा अन्तरक्रिया देहाय अनुसार संचालन गर्ने निर्णय गरियो ।

| क्र स | वडा नं | मिति | कैफियत |
|---|---|---|---|
| १ | ३ झिरुवास | २०८१/१०/२८ | |
| २ | १ बाकामलाङ्ग | २०८१/१०/२९ | |
| ३ | २ सहलकोट | २०८१/१०/३० | |
| ४ | ४ मित्याल | २०८१/११/५ | |
| ५ | ७ ज्यामिरे | २०८१/११/२ | |
| ६ | ६ अर्चले | २०८१/११/३ | |
| ७ | ५ गल्धा | २०८१/११/४ | |

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा २०८१।०४।१६ को गाउँ शिक्षा समितिको निर्णयानुसार समाज ज्योति प्रा वि निस्दी - ०४ मित्याललाई जीवन ज्योति आ.वि निस्दी ४ मित्यालमा समायोजन गरिएको हुदाँ सो निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा